# जैमिनी नगर कार्यपालिकाको कार्यालय
## कुस्मीसेरा, बागलुङ

आ.व.२०७७/७८ को

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

२८ भाद्र,२०७८

## आ.व.२०७७/७८ कोवार्षिक प्रगति समीक्षा बैठकको प्रतिवेदन

## भाद्र २८, २०७८

१. पृष्ठभूमी :-

नेपाल सरकारले स्थानीय स्तरमा विकास निर्माण कार्य लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि स्थानीय तहहरुको व्यवस्था गरिएको छ । स्थानीय तह नगरपालिकाले आआफ्नो क्षेत्र भित्रका बासिन्दाहरुको मागलाई ध्यानमा राखि बजेट, नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी सो अनुसार भए गरेका कार्यहरुको बार्षिक प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले निदिष्ट गरेका उद्धेस्य तथा क्षेत्रगत आधारहरुलाई स्थानीय तहअबाट सेवा प्रवाह गर्ने र स्वायत्त शासनको विकास प्रकृयालाई अग्रसरता दिई शहरी विकास गर्ने कार्य नगरपालिकाबाट गर्ने स्पष्ट व्यवस्था गरेको छ । नियमित रुपमा सम्पादित कार्यहरुको बार्षिक रुपमा समीक्षा गर्न नगरपालिकाले भए गरेका कार्यहरुको आदान प्रदान गर्ने संस्कारको विकासबाट आगामी दिनमा गरिने कार्यहरुलाई निर्देशित गर्न पद्धत पुऱ्याउदछ । यसबाट आगामी वर्षमा दीर्घकालिन नीति तथा कार्यक्रमका आधार समेत तयार पार्न सहयोगी भई संस्थागत प्रणालीको विकासमा अभिबृद्धि गर्ने अभिप्रायले यस नगरपालिकाको आ.व.२०७७७८ को बार्षिक प्रगति समक्षा गरिएको हो ।

२. समीक्षाको उद्धेस्य :

यस समीक्षाको प्रमुख उद्धेस्य आ.व.२०७७७८ मा कार्यक्षेत्रका आधारमा कार्यप्रगतिको रुपमा रही नगरपालिकाबाट भए गरेका कार्यहरुको समष्टिगत अवस्था झल्काउनु रहेको छ भने अन्य उद्धेस्य यस प्रकार रहेको छ ।

- क्षेत्रगत कार्यप्रगति बिवरणको समीक्षा गरी सरोकारवाला निकायबाट आवश्यक थप राय सुझाव लिई आगामी सम्पादिनत कार्य प्रद्धतिलाई अझ व्यवस्थित गर्नु ।
- समीक्षा पद्धतिलाई संरचनागत आधार दिई नियमित समीक्षा पद्धतिलाई संस्थागत विकास गर्ने ।

- आगामी आ.ब.को कार्यक्रम कार्यान्वयन गर्दा मार्गदर्शन हुने ।

३. कार्यक्रम संचालन स्थान र मिति :-

कार्यक्रम २०७८ साल भाद्र २८ गतेका दिन दिनको ११.०० जैमिनी नगरपालिका वडा नं. १ को कार्यालय सभाहलमा संचालन भएको थियो ।

४. सहभागिहरु :-

कार्यक्रमा नगरपालिकाका पदाधिकारी(वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर प्रमुख, उपप्रमुख) र शाखागत कर्मचारहरु, वडा सचिवहरुको उपस्थिति रहेको थियो ।

५. कार्यक्रम संचालन प्रक्रिया :-

जैमिनी नगरपालिकाका प्रमुख श्री ईन्द्रराज पौडेलज्यूको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो भने स्वागत मन्तव्य एवं प्रगति समीक्षाको उद्बेस्यमा माथि प्रकाश प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानराज कोईरालाज्यूले गर्नु भएको थियो । प्रगति समीक्षाको प्रस्तुत शाखागत रुपमा शाखा प्रमुखहरुले गर्नुभएको थियो भने संचालन योजना अधिकृत श्री प्रेमप्रसाद सापकोटाले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन नगरप्रमुखज्यूबाट ब्यानर वाचन गरेर गर्नुभएको थियो ।

६. उपलब्धीहरु :-

- विकास निर्माणका कार्यक्रमहरु संचालन गर्न सहयोग पुग्ने ।
- संचालन गरिने योजनाहरुमा जनसहभागिता जुट्ने ।
- नगरपालिकाबाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवाको सार्वजनिकरण ।
- सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनु ।
- नागरिक समाज र सर्वसाधारणलाई नपाको काम कारवाहीको सूचनामा अभिबृद्धि सहयोग पुग्ने ।
- सुशासन तथा पारदर्शिता कायम हुने ।

समीक्षा कार्यक्रमको प्रस्तुतिकरण

१. शिक्षा तथा खेलकुद विकास शाखाबाट उपसचिव श्री खेमप्रसाद आचार्य

२. कृषि तथा पशु विकास शाखाबाट श्री नेत्रप्रसाद आचार्य

३. स्वास्थ्य शाखाको तर्फबाट श्री गोविन्द प्रसाद आचार्य

४. सामाजिक विकास शाखाको तर्फबाट श्री देवी विक

५. विपद व्यवस्थापन शाखाको तर्फबाट श्री रेमशलाल चापागाई

६. योजना शाखाको तर्फबाट श्री प्रेमप्रसाद सापकोटा

७. पूर्वाधार तर्फको प्रगति विवरण प्रस्तुती ई श्री विवेक सापकोटा

८. लेखा तथा राजस्व शाखाको तर्फबाट लेखा अधिकृत श्री सुर्य वहादुर विक

९. आयुर्वेद शाखाको तर्फबाट श्री लक्ष्मी प्रसाद शर्मा

१० पंजिकरण तथा सामाजिक सुरक्षा शाखाको तर्फबाट श्री हेमराज थापा

प्रस्तुति माथि उठेका प्रश्न र त्यसको जवाफ प्रस्तुती

वार्ड अध्यक्ष श्री कृष्ण वहादुर थापा

सुरक्षीत आवास कार्यक्रम छिटो सम्पन्न हुनुपर्ने, सामाजिक सुरक्षा भत्ता वितरणमा बैकहरुले सहजीकरण गर्नु पर्ने ।

कार्यपालिका सदस्य श्री लाल वहादुर परियार

यस प्रकारको प्रगति समीक्षा नियमित हुनुपर्ने, अनुगमन प्रणालीलाई चुस्त बनाउनु पर्ने, किसानहरुलाई वितरण गरिने कृषि यान्त्रिक औजारहरु गुणस्तरीय हुनुपर्ने जस्ता कुराहरु राख्नु भएको थियो ।

पत्रकार सुजन प्रेमी

नगरपालिकाबाट जारी हुने सूचनाको पहुंच सबैसँग पुग्न नसकेको, सूचना पद्धतीलाई पहुंचयोग्न वनाउनुपर्ने जस्ता कुराहरु राख्नु भएको थियो ।

नगर प्रमुख श्री इन्द्रराज पौडेलज्यूबाट बार्षिक प्रगति समीक्षाको बारेमा प्रकाश पार्दै चालु आ.व.यो निर्वाचित पदाधिकारीको अन्तिम वर्ष हो । यस वर्षमा विकास निर्माण परिमाण देखिने गरी कार्ययोजना बनाएर अगाडी बढ्नुपर्ने, दीगो विकास र सुशासन कायम गर्नुपर्ने, जनप्रतिधि र कर्मचारी संयुक्त प्रयासबाट मात्र विकास निर्माण गर्न सकिन्छ भन्दै सोही बमोजिम अगाडी बढनुपर्ने बताउनुभयो । अन्तमा उपस्थित सबै सरोकारवाला सबैलाई धन्यवाद सहित नगरप्रमुखज्यूबाट समीक्षा बैठकको अन्त्य भएको घोषणा गर्नुभएको थियो ।